**स्थानिय राजपत्र**

भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ७ मितिः२०८२/०६/२४

**भाग–२**

**भानु नगरपालिका**

भानु नगरपालिकाका युवा विद्यार्थीलाई प्राविधिक शिक्षा प्रति आकर्षित गर्न, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई आर्थिक सहयोग गरी स्वास्थ्य सेवाका लागि गुणस्तरीय जनशक्ति उत्पादन गर्ने अभियानलाई टेवा पुऱ्याउन तथा उच्च तहको स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादनमा भानु नगरवासीको सहभागिता र पहुँच अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट पूर्ण छात्रवृत्तिमा नाम निकाली विभिन्न मेडिकल कलेजहरुमा स्नातक तह (Bachelor of Medicine and Bachelor of Surgery-MBBS) अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन अवधिमा आवश्यक हुने आवास, खाना, स्टेशनरी लगायतका खर्चको व्यवस्थापनमा सहयोग गरी सामाजिक दायित्व पुरा गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक¸ संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि भानु नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ ।

ख) नियमावली भन्नाले भानु नगरपालिका शिक्षा नियमावली २०७८ लाई सम्झनुपर्छ ।

ग) "कार्यपालिका" भन्नाले भानु नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ ।

घ) "नगरपालिका" भन्नाले भानु नगरपालिकालाई सम्झनुपर्छ ।

ङ) "MBBS अध्ययनका लागि छात्रवृत्ति" भन्नाले भानु नगरपालिकामा सञ्चालित कुनैपनि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको वा भानु बाहिरका कुनैपनि सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरी चिकित्सा विज्ञान विषयको स्नातक तह MBBS अध्ययनका लागि खुला प्रतिस्पर्धाबाट पूर्ण छात्रवृत्तिमा नाम निकाली नेपालका कुनैपनि मेडिकल कलेजमा अध्ययनरत भानु निवासी विद्यार्थीलाई दिइने अनुदान सहयोग रकमलाई सम्झनुपर्छ ।

च) "मेडिकल कलेज" भन्नाले नेपाल सरकार चिकित्सा शिक्षा आयोगबाट उच्चस्तरको स्वास्थ्य सेवाको जनशक्ति उत्पादन गर्नका लागि कानून बमोजिम स्थापना भएको चिकित्सा विज्ञान अन्तर्गत स्नातक तह (MBBS) अध्यापन गराउने शिक्षण संस्था सम्झनुपर्छ ।

छ) "MBBS" भन्नाले चिकित्सा विज्ञान विषयमा स्नातक तहको शिक्षा अथवा Bachelor of Medicine and Bachelor of Surgery सम्बन्धी पढाइ सम्झनुपर्छ ।

ज)“विद्यार्थी” भन्नाले  भानु नगरपालिकामा स्थायी ठेगाना भई भानु नगरपालिकाको कुनैपनि विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भएको वा भानु बाहिरका कुनैपनि सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण भएको र नेपालका कुनैपनि मेडिकल कलेजमा MBBS विषयमा पूर्ण छात्रवृत्तिमा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ ।

झ)“प्रमुख” भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

ञ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ट) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख  वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ठ) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले भानु नगरपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ ।

ड)“नगर शिक्षा समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठित भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

ढ) वडाध्यक्ष भन्नाले भानु नगरपालिकाका वडाको प्रमुख जनप्रतिनिधि सम्झनुपर्छ ।

## परिच्छेद २

## छात्रवृत्तिका लागि दरखास्त आह्वान, छनौट तथा सिफारिस

३. यस कार्यविधि बमोजिम MBBS अध्ययनका लागि छात्रवृत्ति वितरणका लागि नगरपालिकाले सालवसाली रुपमा चिकित्सा शिक्षा आयोगले सरकारी तथा निजी मेडिकल कलेजका लागि एम वि वि एस को कोटा वितरण गरी विद्यार्थी छनोट परीक्षाको नतिजा प्रकाशन भई कलेजमा भर्ना हुने म्याद समाप्त भएपश्चात कार्यविधिको मापदण्ड बमोजिमका विद्यार्थीका लागि कम्तिमा ३० दिनको समय राखी दरखास्त आह्वान गर्नेछ ।

४. उपदफा (३) बमोजिमको दरखास्त तोकिएको म्याद भित्र भानु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ । यसरी दरखास्त दिंदा विद्यार्थीले तोकिएको ढाँचामा निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस. एल. सी. वा माध्यमिक शिक्षा परीक्षा (SEE) तथा अन्य शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि तथा हाल एम वि वि एस अध्ययन गरिरहेको मेडिकल कलेजको सिफारिस र भर्ना भएको रसिद संलग्न राखी पेश गर्नुपर्नेछ । निवेदन दिंदा

कुनैपनि शुल्क लाग्नेछैन । MBBS अध्ययन छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

५. छात्रवृत्ति पाउने विद्यार्थीको मापदण्ड देहायबमोजिम हुनेछ

क) भानु नगरपालिका स्थायी ठेगाना भई भानुमा सञ्चालित जुनसुकै माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SLC/SEE) उत्तीर्ण गरेको ।

ख) भानु नगरपालिका स्थायी ठेगाना भई भानु बाहिरका कुनैपनि सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SLC/SEE) उत्तीर्ण गरेको ।

ग) नेपाल सरकारले सालवसाली रुपमा चिकित्सा शिक्षा आयोगमार्फत सरकारी तथा निजी मेडिकल कलेजमा एम वि वि एस अध्ययनका लागि निर्धारित पूर्ण छात्रवृत्तिको कोटामा नाम निकाली हाल प्रथम वा द्वितीय वा तृतीय वा चतुर्थ वा पाँचौं वर्षमा अध्ययनरत भानुनिवासी विद्यार्थी ।

६. उपदफा (४) बमोजिमको दरखास्त उपर अध्ययन जाँचबुझ एवं छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ ।

(क) नगर प्रमुख, भानु नगरपालिका - संयोजक

(ख) उपप्रमुख, भानु नगरपालिका - सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) नेपाल शिक्षक महासंघ भानुको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ङ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

७. दफा (५) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

क) छात्रवृत्तिका लागि प्राप्त निवेदन तथा सम्बद्ध कागजातहरुको जाँचबुझ गर्ने

ख) निवेदक विद्यार्थी भानु नगरवासी भएको र निजले भानुमा सञ्चालित कुनैपनि विद्यालयबाट एस एल सी वा एस इ इ परीक्षा उत्तीर्ण गरेको कुरा एकिन गर्ने

ग) भानु नगरवासी विद्यार्थी जसले भानु बाहिरका कुनै सामुदायिक विद्यालयबाट एस एल सी वा एस इ इ परीक्षा उत्तीर्ण गरेको कुरा एकिन गर्ने

घ) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीले बीचैमा कक्षा छाडेमा नगरपालिकाबाट प्राप्त सम्पुर्ण रकम फर्ता गर्नेछु भन्ने व्यहोराको कबुलियतनामा गराउने । कबुलियतनामाको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

८. दफा (५) बमोजिमको समितिले छात्रवृत्ति अनुदानका लागि भानु नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

९. दफा (७) बमोजिमको सिफारिसबमोजिम प्रमुख प्रशासकीय अधिकृतले छात्रवृत्ति पाउने विद्यार्थीको बैंक खातामा भुक्तानि दिनेछ । भुक्तानिको प्रक्रिया प्रत्येक वर्ष १ लाखका दरले पाँच वर्षभित्र पाँच लाख रुपैंया सम्बन्धित विद्यार्थीको बैंक खातामा निकासा गर्नेछ ।

१०. दफा (८) बमोजिम विद्यार्थीले पाउने छात्रवृत्ति रकम यदि कुनै मापदण्ड बमोजिमका विद्यार्थीहरु यस कार्यविधि जारी हुनुपुर्व कुनै मेडिकल कलेजमा भर्ना भई अध्ययनरत छन् र निजहरुले यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि निवेदन दिएमा एम वि वि एस को कोर्स पुरा हुने अवधि पाँचवर्ष पुग्न जति वर्ष बाँकी छ त्यति समयका लागि दामासाहीका दरले छात्रवृत्ति पाउनेछ ।

११. दफा (९) बमोजिम प्रत्येक वर्ष रकम निकासा माग गर्दा विद्यार्थीले सम्बन्धित मेडिकल कलेजमा अध्ययन गरिरहेको भन्ने व्यहोराको कलेजको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१२. MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ मा कुनै संशोधन वा थपघट गर्नुपरेमा नगर कार्यपालिकाले गर्ने सक्नेछ ।

अनुसूची १

## एम वि वि एस अध्ययनका लागि छात्रवृत्तिका माग गर्न दिइने निवेदनको ढाँचा

(परिच्छेद २, दफा ४ संग सम्बन्धित)

मिति: २०.....। ...... ।.....

श्री भानु नगरपालिका
फुस्रेटार तनहुँ

**विषय: एम वि वि एस अध्ययनका लागि छात्रवृत्ति पाउँ ।**

उपर्युक्त सम्बन्धमा भानु नगरपालिकाको मिति २०....../......./....... को सूचना बमोजिम मैले नेपाल सरकार चिकित्सा शिक्षा आयोगले लिएको परीक्षा उत्तीर्ण गरी पूर्ण छात्रवृत्तिमा ............................................ मेडिकल कलेजमा एम वि वि एस विषयमा अध्ययन गरिरहेको छु । अत: मैले भानु नगरपालिकाबाट जारी गरिएको MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ बमोजिम देहायका काजगातहरु संलग्न राखी छात्रवृत्तिका लागि यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न काजगातहरु</u>**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
ख) माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को ग्रेडसिट वा एस एल सी को लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
ग) अध्ययनरत मेडिकल कलेजको सिफारिस पत्र
घ) खाता रहेको बैंकको नाम र खाता नं (चेकबुकको प्रतिलिपि)
ङ) कबुलियतनामा

निवेदक विद्यार्थीको:
दस्तखत : ..........................
नामथर : ..........................
ठेगाना : ..........................
संपर्क नं : ..........................
इमेल: ..............................

अनुसूची २

## कबुलितनामा

(परिच्छेद २, दफा ६ को खण्ड ग संग सम्बन्धित)

मिति: २०.....। ...... ।.....

तनहुँ जिल्ला भानु नगरपालिका वडा नं ........ निवासी श्री ................................ को छोरा/छोरी म यस नगरपालिका स्थित श्री .............................................. विद्यालयबाट एस एल सी / एस इ इ परीक्षा उत्तीर्ण गरी हाल .................................. मेडिकल कलेजमा पूर्ण छात्रवृत्ति कोटामा एम वि वि एस अध्ययन गरिरहेको छु। भानु नगरपालिकाद्वारा जारी गरिएको MBBS अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यविधि, २०८१ मा उल्लेख भएबमोजिमका सबै शर्तहरु पालना गर्न म मञ्जुर छु। छात्रवृत्ति पाएपछि मैले बीचैमा अध्ययन छाड्ने छैन र यदि छाडेमा हालसम्म यस नगरपालिकाको तर्फबाट मलाई प्राप्त भएको संपूर्ण रकम सरकारी बाँकी सरह फिर्ता गर्न मञ्जुर गर्दछु भनी भानु नगरपालिकाका नाममा यो कबुलियतनामा पेश गर्दछु।

कबुलियतनामा गर्ने विद्यार्थीको:

दस्तखत : ..........................

नामथर : ..........................

ठेगाना : ..........................

संपर्क नं : ..........................

रोहोबर:

सम्बन्धित वडाका वडाध्यक्ष

दस्तखत : ..........................

नामथर : ..........................

वडा नं : ..........................

संपर्क नं : ..........................